# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जयगढ, अछाम
## सुदूरपश्चिम प्रदेश, नेपाल

बान्नीगढी जयगढ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जयगढ, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७..

प.स. : २०७९/०८०

च.न. : २८३

मिति: २०७९/०५/२३

**विषय: प्रथम त्रैमासिक माग फाराम पेश गर्ने सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयहरु,
बाल विकास केन्द्रहरु,
सामुदायिक सिकाइ केन्द्रहरु, सबै,
बान्नीगढी जयगढ गा.पा.,अछाम ।

प्रस्तुत विषय सम्बन्धमा यस बान्नीगढी जयगढ गाउपालिका अन्तर्गत रहेका सम्पुर्ण सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाहरुले आ.व. २०७९/०८० को प्रथम त्रैमासिक (साउन, भदौ र असोज महिना) को तलबभत्ता र चाडपर्व खर्च निकासाको लागि विद्यालय लेखांकन दिग्दर्शन २०७६ को फाराम नं. २ अनुसार देहाय बमोजिम माग फाराम तयार गरि मिति २०७९ भाद्र ३१ गते भित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्न हुन जानकारी गरिन्छ ।

२०७९/५/२३

बसन्त बहादुर रावल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल :-</u>

१. स्थायी, अस्थायी, राहत, करार शिक्षकहरुको तलबमान र सुविधा अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको प.सं. २०७९/०८० च.नं. ५७ मिति २०७९/०४/३० को नयाँ तलबमान र सुविधा सम्बन्धि पत्रको अनुसुचि ७ बमोजिम तयार गरेको हुनु पर्नेछ ।

२. शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको हकमा माध्यामिक तहका लागि मासिक रु. ३७, ९९०।– र आधारभुत तह कक्षा ६-८ का लागि ३०,२००।- का दरले ३ महिनाको हुन आउने रकम माग गर्नु पर्नेछ ।

३. गाउँपालिकाबाट विद्यार्थी संख्या बढी भई शिक्षक दरबन्दि नभएका विद्यालयमा आधारभुत तह कक्षा १ - ५ मा कार्यरत शिक्षकका लागि २०, ५००।- आधारभुत तह कक्षा ६ - ८ मा कार्यरत शिक्षकका लागि २२,५००।- र माध्यामिक तह कक्षा ९ - १० मा कार्यरत शिक्षकका लागि २६,५००।– का दरले र गाउँपालिकाबाट पुर्ण रुपमा व्यहोर्ने गरि नियुक्त गरिएका बालविकास सहजकर्ताहरुको मासिक १५,०००।– का दरले चाडपर्व खर्च समेत हुन आउने रकम माग गर्नु पर्नेछ ।

Email: log.bannigadhi@gmail.comWebsite: www.bannigadhijaygadhmun.gov.np
Mobile Apps: Bannigadhijaygadh
समृद्धिको आधार : बान्नीगढी सरकार

# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल


४. गाउँपालिकाबाट अंग्रेजी माध्यमबाट पठनपाठनका लागि अनुदान पाउदै आएका विद्यालयहरुले मासिक १२,०००।– का दरले ३ महिनाको हुन आउने रकम माग गर्नु पर्नेछ।

५. बालविकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी ( लेखापाल ), विद्यालय सहयोगी र सामुदायिक सिकाइ केन्द्र परिचालिकाको मासिक पारिश्रमिक देहाय बमोजिम माग गर्नु पर्नेछ। साथै चाडपर्व खर्च समेत माग गर्नु पर्नेछ।

| क्र.स. | पद | ससर्त अनुदान | गाउँपालिका थप अनुदान | जम्मा रकम |
|---|---|---|---|---|
| १ | बालविकास सहजकर्ता | १०,०००।- | ७,०००।- | १७,०००।- |
| २ | विद्यालय सहायक कर्मचारी | १३,५००।- | ७,०००।- | २०,५००।- |
| ३ | विद्यालय सहयोगी | ८,०००।- | ७,०००।- | १५,०००।- |
| ४ | सामुदायिक सिकाइ केन्द्र परिचालिका | ८,०००।- | - | ८,०००।- |

६. माग फाराम साथ आ.व. २०७८/०७९ बैशाख देखी असार सम्मको शिक्षक कर्मचारीहरुको हाजिरी रजिष्टरको प्रमाणित प्रतिलिपी, शिक्षक कर्मचारीहरुको बैंकमा तलबभत्ता जम्मा गरेको पत्र वा तलव बुझेको भर्पाईको प्रतिलिपी, सा.सु. र पारिश्रमिक कर कट्टी गरेको भौचरको प्रतिलिपी, नागरिक लगानी कोष र संचय कोष जम्मा गरेको भौचरको प्रतिलिपी बुझाउनु पर्नेछ।

पुनश्च : आधारभुत तह (१-८), मा. वि. (९-१२), विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ता र संघ र गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षक कर्मचारीहरुको छुट्टाछुटै माग फाराम पेश गर्नु पर्ने छ।

बोधार्थ :
श्री सूचना प्रविधि शाखा : गाउँपालिकाको Website मा अपलोड गरिदिन हुन।

नि. प्रमुख प्रशासकीय अधिकृत


Email: log.bannigadhi@gmail.comWebsite: www.bannigadhijaygadhmun.gov.np
Mobile Apps: Bannigadhijaygadh